





# व्यवस्थित भान्छा, हाम्रो आकांक्षा




## हामीले निम्नानुसारका गतिविधिबाट हाम्रो भान्छालाई व्यवस्थित बनाउन सक्छौं ।

» खाना पकाउनु अघि सबै सामग्रीको तयारी गर्नुपर्दछ । तरकारीलाई स-साना टुक्रा पारेर काट्ने, चामल, दाल तथा गेडागुडीलाई आवश्यकता अनुसार भिजाएर राख्ने, खाना छोपेर पकाउने र प्रेसर कुकर प्रयोग गर्नाले समय र इन्धन दुवै बचत गर्न सकिन्छ ।

» चिम्नीसहितको चुलो बनाउँदा भान्छाको बाहिर पट्टि चिम्नी-निकास अनिवार्य रूपमा प्रयोग गर्नु पर्दछ, होइन भने धुवाँ घरभित्रै फर्किने, भित्ता कालो हुने र दाउरा राख्ने मुखबाट आगो बाहिर आउने समस्या हुन्छ । साथै, हरेक १०-१५ दिनमा चिम्नीलाई सफा पनि गर्नु पर्दछ ।

» भान्छाबाट खेर जाने पानीको लागि उचित निकासका साथै फोहर मैलाको उचित व्यवस्थापन गर्नु पर्दछ ।

» घर बनाउने योजना गर्दा नै घरका अन्य भागहरु जस्तै भान्छालाई पनि विशेष ध्यान दिनुपर्दछ । व्यवस्थित भान्छा नै घरको शोभा हो ।

# स्वस्थ भान्छा, खुशी परिवार

नेपाल सरकार
जनसंख्या तथा वातावरण मन्त्रालय
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
**राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम**
**जैविक ऊर्जा सब-कम्पोनेन्ट**
सम्पर्कः पोस्ट बक्स नं.: १४३६४, काठमाण्डौ, नेपाल, फोन नं. +९७७-१-५५३९३९० फ्याक्सः +९७७-१-५५४२३९७